20 June, 2025

यो आकाशवाणी हो

सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार

Under Play

- **सम्पूर्ण विश्व भारतलाई तेस्रो ठूलो अर्थतन्त्रको साथ आर्थिक महाशक्ति बनेको हेर्न लालाहित रहेको प्रधानमन्त्रीको भनाई**
- **सिक्किमको नथुलाबाट कैलाश मानसरोवर यात्राको पहिलो समुहलाई राज्यपालले गर्नुभयो बिदा**
- **छत्तीसगढ भिडन्तमा एक महिला नक्सलीको मृत्यु, तेलंगानामा 12 जनाले गरे आत्मसमर्पण**
- **पश्चिम एसियामा तनाव कम गर्ने प्रयासमा इरानका विदेशमन्त्रीले जर्मनी, फ्रान्स र ब्रिटेनका विदेशमन्त्रीहरूसँग भेट गर्दै , अनि**
- **तेन्दुलकर-एन्डरसन ट्रफीको पहिलो टेस्ट म्याचमा भारत 159 रन बनाएर खेल्दै**

अब समाचार विस्तारमा

प्रधानमन्त्री – ओडिशा-बिहार

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ओडिशाको भुवनेश्वरमा मुख्यमन्त्री मोहन चरण माझीको नेतृत्वमा पहिलो भारतीय जनता पार्टी सरकारको एक वर्ष पूरा भएको उपलक्ष्यमा जनता मैदानमा राज्यस्तरीय कार्यक्रमलाई सम्बोधन गर्नुभयो।

PM Byte-37

यसभन्दा अघि श्री मोदी रोड शोमा सामेल हुनुभएको थियो।

यस अवसरमा उहाँले १८ हजार ६०० करोड रुपियाँ बराबरका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यी परियोजनाहरूमा खाने पानी, सिँचा□ कृषि र स्वास्थ्य सुविधा, ग्रामीण सडक र पुल, राष्ट्रिय राजमार्ग र रेलवे परियोजनाहरू समावेश छन्। श्री मोदीले ओडिशा भिजन डकुमेन्ट-२०३६ पनि जारी गर्नुभयो। २०३६ मा, ओडिशाले भारतको पहिलो भाषिक राज्यको रूपमा सय वर्ष पूरा गर्नेछ। यो भिजन डकुमेन्टले राज्यको समावेशी विकासको रूपरेखा प्रस्तुत गर्दछ।

यसभन्दा अघि, बिहारको सिवानको जसौलीमा आयोजित एक जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय जनतान्त्रिक गठबन्धन एनडीए विकासको प्रतीक भएको र विगत ११ वर्षमा यसले बिहारलाई समृद्धि र द्रुत विकासतर्फ डो□याएको बताउनु भयो।

आफ्नो हालैको विदेश भ्रमणलाई उल्लेख गर्दै प्रधानमन्त्रीले भन्नुभयो, विकसित देशहरू पनि भारतको तिव्र विकासबाट छक्क परेका छन् र उनीहरू भारतलाई विश्वको तेस्रो ठूलो अर्थतन्त्रको साथ आर्थिक महाशक्ति बनेको हेर्न चाहन्छन्।

राष्ट्रपति- उत्तराखण्ड भ्रमण

राष्ट्रपति द्रौपदी मुर्मुले जीवनका सबै क्षेत्रहरूमा दिव्याङ्गजनलाई प्रोत्साहन गर्नुको महत्त्वमाथि जोड दिनुभएको छ। उहाँले उन्नत प्रविधिको सहयोगमा दिव्याङ्गजनले प्रभावकारी रूपमा मुख्यधारामा योगदान पु□याउन सक्ने बताउनुभयो। राष्ट्रपति आज देहरादूनमा रहेको राष्ट्रीय दृष्टि दिव्यांगजन सशक्तीकरण संस्थानमा विद्यार्थीहरूलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

राष्ट्रपति द्रौपदी मुर्मुले सुगम्य भारत अभियान मार्फत दिव्याङ्गजनलाई सशक्त बनाउन र समाजमा उनीहरूको समान सहभागिता सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

राष्ट्रपतिले आज उत्तराखण्डको देहरादूनमा राष्ट्रपति निकेतन र राष्ट्रपति तपोवनको उद्घाटन गर्नुभयो। राष्ट्रपति निकेतन र तपोवन दुवै 24 जुनदेखि आम जनताका लागि खुला गरिनेछ। उत्तराखण्डको आफ्नो भ्रमणको क्रममा राष्ट्रपतिले राष्ट्रपति निकेतनमा धेरै विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुभयो। उहाँले राष्ट्रपति उद्यानको पनि शिलान्यास गर्नुभयो। यो पार्क १३२ ऐकरमा विकास गरिनेछ, जुन एक वर्षमा पूरा हुने अपेक्षा गरिएको छ।

कैलाश मानसरोवर यात्रा

कैलाश मानसरोवर यात्रा आज सिक्किमको नाथुलाबाट पुनः सुरु भएको छ। सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले यस पवित्र तीर्थयात्राको लागि ३६ सदस्यीय पहिलो समूहलाई झण्डा देखाएर बिदा गर्नुभयो। यस वर्ष तीर्थयात्रीहरूको कुल दस समूह नाथुलाबाट कैलाश मानसरोवर जानेछन्। प्रत्येक समूहलाई पवित्र यात्रा पूरा गर्न ११ देखि १२ दिन लाग्नेछ। सम्पूर्ण यात्रामा डाक्टर र सरकारी अधिकारीहरू पनि उनीहरूसँगै हुनेछन्। उनीहरूको यो यात्रा बसबाट सम्पन्न हुनेछ, तर कतिपय अवसरमा तीर्थयात्रीहरूले पैदल यात्रा पनि गर्नुपर्ने हुन्छ। उनीहरूले पहिले लगभग १७ हजार फिटको उचा□मा कैलाश परिक्रमा गर्नेछन् र त्यसपछि १५ हजार फिटको उचा□मा मानसरोवर परिक्रमा गर्नेछन्।

राज्यपाल श्री माथुरले सिक्किमबाट यो तीर्थयात्रा पुनः शुरु हुनु सिक्किमका लागि सौभाग्य हो भन्नुभयो।

छत्तीसगढ भिडन्त

छत्तीसगढमा आज सुरक्षा बलसँगको भिडन्तमा एक महिला नक्सलीको मृत्यु भएको छ। काँकेर जिल्लाको अमाटोला र कालपर क्षेत्रको जंगलमा यो भिडन्त भएको थियो। भिडन्त स्थल र वरपरको क्षेत्रमा खोजी अभियान चलिरहेको छ।

यसैबीच, तेलंगानाको भद्राद्री कोठागुडेम जिल्लामा छत्तीसगढको प्रतिबन्धित संगठन सीपीआई माओवादीका १२ जना सदस्यले आत्मसमर्पण गरेका छन्। २९४ जना थप माओवादीहरूले आत्मसमर्पण गरिसकेका छन्।

इरान-इजरायल द्वन्द्व

पश्चिम एसियामा तनाव कम गर्ने प्रयासमा, [illegible]नका विदेशमन्त्री अब्बास अराघचीले आज जेनेभामा जर्मनी, फ्रान्स र ब्रिटेनका विदेशमन्त्रीहरूसँग भेट गर्नुहुनेछ।

यसैबीच, रूसले [illegible]नमा सत्ता परिवर्तन अस्वीकार्य हुने बताएको छ। [illegible]न-[illegible]रायल द्वन्द्वमा सैन्य हस्तक्षेप नगर्न रूसले अमेरिकालाई चेतावनी दिएको छ।

यसैबीच, [illegible]रायल र [illegible]न बीचको द्वन्द्व सात दिनदेखि चलिरहेको छ।

युरोपेली संघले संयम र अन्तर्राष्ट्रिय कानूनको पालना गर्न आह्वान गरेको छ।

मौसम विभाग

मौसम विज्ञान विभागले यस महिनाको २५ तारिखसम्म उत्तरपश्चिम र मध्य भारतका केही भागहरूमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ। उत्तर प्रदेश, हिमाचल प्रदेश, उत्तराखण्ड, राजस्थान र झारखण्डमा आगामी दुई दिनसम्म मुसलधारे वर्षाको लागि ओरेञ्ज एलर्ट जारी गरिएको छ।

टेनिस-बिली जीन किङ

भारतले यस वर्ष नोभेम्बरमा पहिलो पटक टेनिसको बिली जीन किङ कप २०२५ प्ले-अफ-को आयोजना गर्नेछ। लन्डनमा आयोजित ड्र पछि अन्तर्राष्ट्रिय टेनिस महासंघ-**ITF** ले यस आशयको घोषणा गरेको हो। १४ देखि १६ नोभेम्बरसम्म बेंगलुरुमा भारतले प्ले-अफ प्रतियोगिताको आयोजना गर्नेछ।

भारत बाहेक, अर्जेन्टिना, अष्ट्रेलिया, क्रोएसिया, जर्मनी, मेक्सिको र पोल्याण्ड पनि आयोजकको रूपमा छनोट भएका छन्। भारत, स्लोभेनिया र नेदरल्याण्ड्ससँगै, समूह-**G** का खेलहरू भारतमा आयोजना हुनेछन्। समूह विजेताहरूले २०२६ को छनोटमा खेल्नेछन्।

भारत-इङ्गल्याण्ड टेस्ट

क्रिकेटमा, भारत र [illegible]ङ्गल्याण्ड बीचको लीड्समा भ[illegible]हेको तेन्दुलकर-एन्डरसन ट्रफीको पहिलो टेस्ट म्याचमा भारतले पहिलो पारीमा अहिलेसम्ममा 2 विकेट खर्च गरेर 159 रन बनाएर खेली रहेको छ। [illegible]ङ्गल्याण्डले टस जितेर पहिला बलिङ गर्ने निर्णय गरेको थियो ।

मुख्य समाचार फेरि एकपल्ट

Under Play music

- **सम्पूर्ण विश्व भारतलाई तेस्रो ठूलो अर्थतन्त्रको साथ आर्थिक महाशक्ति बनेको हेर्न लालाहित रहेको प्रधानमन्त्रीको भनाई**
- **सिक्किमको नथुलाबाट कैलाश मानसरोवर यात्राको पहिलो समुहलाई राज्यपालले गर्नुभयो बिदा**
- **छत्तीसगढ भिडन्तमा एक महिला नक्सलीको मृत्यु, तेलंगानामा 12 जनाले गरे आत्मसमर्पण**
- **पश्चिम एसियामा तनाव कम गर्ने प्रयासमा इरानका विदेशमन्त्रीले जर्मनी, फ्रान्स र ब्रिटेनका विदेशमन्त्रीहरूसँग भेट गर्दै , अनि**
- **तेन्दुलकर-एन्डरसन ट्रफीको पहिलो टेस्ट म्याचमा भारत 159 रन बनाएर खेल्दै**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो।